कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: २९७ | वि.सं. २०८१ फागुन ६ मंगलवार | नेपाल संवत्: ११४४, फागुन कृष्ण षष्ठी | Tuesday 18 February 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

## बालबालिकामा आपराधिक मनोवृत्ति विकास हुने खतरा बढ्दो

### भावनात्मक सहयोगसँगै नैतिक शिक्षामा जोड दिन विज्ञको सुझाव


**ओम शाही**

**सुर्खेत, ५ फागुन ।**

यति बेला दैलेखमा घटेको एक घटनाले सबैको ध्यान तानेको छ। जिल्लाको दुल्लु नगरपालिका-५ रिजुका ११ वर्षीय बालकको विभत्स हत्या भएको घटनाले सानै उमेरका बालबालिकामा हिंस्रक प्रवृत्ति मौलाउदै जान थालेको क्रुप तथ्य सार्वजनिक भएको छ। पछिल्ला केही महिना यताका घटनालाई विश्लेषण गर्ने हो भने २० वर्ष मुनिका बालकहरु जघन्य अपराधका घटनामा संलग्न हुनेक्रम बढ्दै गएको देखिन्छ।

शनिबार सार्वजनिक भएको दैलेख घटनामा अन्दाजी १४ र १७ वर्षीय दुई

बाँकी ३ पेजमा



### बढ्दै कर्तव्य ज्यानका मुद्दा

प्रहरीको तथ्यांक अनुसार कर्णालीमा कर्तव्य ज्यान मुद्दाका घटनामा बृद्धि हुँदै गएको देखाउछ। कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतले उपलब्ध गराएको तथ्यांक अनुसार कर्णालीमा चार वर्षको अवधिमा एक सय ५१ जनाको हत्या भएको छ।

बाँकी ४ पेजमा

### किन मौलाउँछ बालबालिकामा हिंसात्मक प्रवृत्ति ?

बालबालिकामा हत्या जस्तो जघन्य अपराधको विकास हुनु बहुपक्षीय कारणहरू जोडिएको बताउछन् कर्णाली प्रदेश अस्पताल सुर्खेतका मनोविद् पूर्ण रावत। सामाजिक, मनोवैज्ञानिक, जैविक, तथा वातावरणीय कारकहरूले बालबालिकामा नकरात्मक मनोवृत्ति विकास हुने उनी बताउछन्।


बाल्यकालको वातावरण र पारिवारिक पृष्ठभूमि, हिंसात्मक वा दुर्व्यवहारयुक्त परिवारमा हुर्किनु, अभिभावकबाट उपेक्षा वा दुर्व्यवहार पारिवारिक तनाव, गरीबी वा अशान्त वातावरणका कारण घरमै हिन्सा देख्नुले बालबालिकामा हिन्सात्मक व्यवहार विकास

बाँकी ४ पेजमा

## नेपालगञ्जमा हात्तीपाइले विरूद्धको औषधी सेवन शुभारम्भ

**युग संवाददाता**

**नेपालगञ्ज, ५ फागुन ।**



नेपालगञ्जमा सोमबारदेखि हात्तीपाइले रोग विरूद्धको आम औषधी सेवन कार्यक्रम शुभारम्भ भएको छ। पालिकाको वडा नं ८ बाट स्थानीयलाई सो रोगविरूद्ध औषधी सेवन गराई आम औषधी सेवन कार्यक्रम शुभारम्भ भएको हो।

शुभारम्भ कार्यक्रममा नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्टले आफूले पनि हात्तीपाइले रोगविरूद्धको आम औषधी सेवन गरेको जानकारी दिँदै औषधी ढुक्क भएर सेवन गर्न आग्रह गरे।

इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा निर्देशक डा यदु चन्द्र घिमिरेले नेपालबाट हात्तीपाइले रोग निवारण गर्न बाँकेका तीन पालिका मुख्य चुनौतीका रूपमा देखिएकाले पुनः औषधी सेवन कार्यक्रमलाई निरन्तरता दिइएको बताए।

इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका वरिष्ठ जनस्वास्थ्य अधिकृत रामकुमार महतोले सन् २०३० सम्म हात्तीपाइले रोग निवारण गर्ने दिगो विकास लक्ष्य भए पनि बाँकेका कारण समस्या सिर्जना भएको बताए।

स्वास्थ्य कार्यालय बाँकेका प्रमुख अङ्गदबहादुर शाहीले सबैलाई हात्तीपाइले रोगविरूद्धको औषधी सेवन गर्न आग्रह गर्दै औषधी सेवन गर्न नआएकालाई घरघरमा पुगेर पनि औषधी सेवन गराइने बताए। बाँकेमा अहिलेसम्म १५.३६ प्रतिशत र नेपालगञ्ज उपमहानगरपालिकामा १८.४५ प्रतिशतले औषधी नै खाएका छैनन्। नेपालगञ्ज उपमहानगरपालिकाका कुनै पनि वडामा औषधी सेवन दर ८० प्रतिशत नपुगेको स्वास्थ्य कार्यालय, बाँकेले जनाएको छ।

जिल्लाको डुडुवा र नरैनापुरमा फागुन ७ गतेदेखि आम औषधी सेवन अभियान सुरू हुन लागेको प्रमुख शाहीले जानकारी दिए। बाँकेमा कुल दुई लाख ५७ हजार बढीलाई सो औषधी खुवाइनेछ। नेपालगञ्जमा एक लाख ६४ हजार ९६, डुडुवामा ४२ हजार १७४ र नरैनापुरमा ४२ हजार ३६९ र बैजनाथको ४ नं वडामा आठ हजार ९६२ गरी कुल दुई लाख ५७ हजार ६०१ जनालाई औषधी खुवाउने लक्ष्य रहेको स्वास्थ्य कार्यालय बाँकेले जनाएको छ।



## सम्पादकीय....

# महिलालाई अवसर कहिले ?

नेपालको संविधानको प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ। मौलिक हक अन्तर्गत धारा ३८(४) मा राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकलाई अनिवार्य गरिएको छ। सोही धाराको उपधारा (५) मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने उल्लेख छ। यसरी हेर्दा राज्यको राजनीतिक संरचनामा महिला सहभागिता विगतको भन्दा राम्रो देखिन्छ। तर, संवैधानिक प्रावधान कार्यान्वयनमा व्यवस्थापिकाका तहमा कोटा पूरा गरे पनि मौलिक हकमै व्यवस्था गरिएको समानुपातिक समावेशिताका आधारमा महिलाको सहभागिता बढाउने विषय ओझेलमा परिरहेको छ। विभिन्न आन्दोलनपछि महिला अधिकारको दायरा फराकिलो बन्दै गएको भएपनि कार्यान्वयनको तहमा पुरुषको तुलना महिलाको राजनीतिक, सामाजिक, आर्थिक र अन्य हैसियत समान भइसकेको छैन। महिलाका लागि तय भएका अधिकांश अधिकार पनि कागजमै सीमित छन्।

यसको उदाहरण कर्णाली प्रदेशसभालाई लिन सकिन्छ। देश संघीयताको ढाँचामा गएसँगै स्थापना भएको कर्णाली प्रदेशसभामा महिलाहरुको उपस्थिती उल्लेख्य रहेपनि उनीहरुलाई समानुपातिकमा थन्काइएको छ। पहिलो कार्यकालमा ४० मध्ये १३ जना महिलाको प्रतिनिधित्व हुँदा दोस्रो कार्यकालमा यो संख्या बढेर १५ पुगेको छ। तर, उनीहरुलाई राजनीतिक दलहरुले प्रत्यक्ष नभई समानुपातिक निर्वाचन प्रणालीमार्फत ल्याएका हुन्। सहभागिताको विषयसँगै प्रदेश सरकारको नेतृत्वमा महिला सहभागिताको अवस्था पनि निकै कमजोर छ। हालसम्म कर्णालीको मन्त्रीपरिषदमा ४० जना पुरुष मन्त्री भई सक्दा जम्मा ४ जना महिलाले फुल मन्त्रीको जिम्मेवारी पाएका छन्। दुई जना महिलालाई राज्यमन्त्रीमा सिमित गरिएको छ। महिलाको प्रतिनिधित्व मात्र नभई नीति निर्माण र निर्णय गर्ने तहमा महिलाको प्रभावकारी उपस्थिथि अनिवार्यदेखि महिला उम्मेदवार छनोट गर्दा दलहरुले क्षमता र योग्यतालाई प्राथमिकता दिन सकेका छैनन्।

संविधानले प्रत्याभुत गरेको विषय कार्यान्वयनमा पुरातनवादी सोच राख्ने पुरुष नेतृत्व हावी हुँदा महिलालाई सधैं पाखा पारिने अवस्थाको अन्त्य हुन नसक्नु आफैमा संविधानको बर्खिलापमा जानु हो। संविधानमा भएका व्यवस्था कार्यान्वयनमा आनाकानी गर्ने प्रचलन हाम्रा लागि नौलो होइन। विशेषगरी महिलालाई राजनीतिक अधिकार दिन नेपाली समाज नै चुकिरहेको छ। अघिपछि महिला सहभागिताका विषयमा ठुला-ठुला गफ छाट्ने दलहरुमा पार्टीभित्र अवसर दिने बेला भने पुरुष हेर्ने मनोविज्ञान बसेको छ। यसमा महिलाहरुको अनुभव र क्षमता जाँच्ने एक खालको प्रचलन राजनीतिमा छ। जबसम्म अवसर दिइदैंन तबसम्म अनुभव हुँदैन र अनुभव बिना व्यवहारिक ज्ञान प्राप्त हुँदैन भन्ने तथ्य दलहरुले बिर्सदै आएको छ। महिलालाई अवसर दिनु भनेको सिङ्गो समाजको प्रतिनिधित्व हुनु हो। यसर्थ, हाम्रा दलहरुमा विद्यमान महिलाप्रतिको नकरात्मक दृष्टिकोण अन्त्य हुन आवश्यक छ। महिलाको उपस्थितीलाई सशक्त बनाउन सकेमात्रै कर्णाली प्रदेशसभामा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित हुन्छ।

## विश्व

### अमेरिकाबाट अवैध भारतीय आप्रवासीहरूको तेस्रो समूह अमृतसरमा अवतरण

**नयाँदिल्ली, ५ फागुन ।**
११२ अवैध भारतीय आप्रवासी बोकेको एउटा अमेरिकी सैन्य विमान उत्तरी भारतीय सहर अमृतसरको विमानस्थलमा अवतरण गरेको अधिकारीहरूले सोमबार बताएका छन्।

अवैध आप्रवासीहरूविरुद्ध राष्ट्रपति डोनाल्ड ट्रम्पको अभियानको एक हिस्साका रूपमा संयुक्त राज्य अमेरिकाबाट निर्वासित भारतीयहरूको यो तेस्रो समूह हो।

अधिकारीहरूका अनुसार सी-१७ अमेरिकी सैन्य विमान आइतबार राति अमृतसर विमानस्थलमा अवतरण गरेको थियो। आप्रवासन, प्रमाणीकरण र पृष्ठभूमि जाँचसहित सबै औपचारिकता पूरा गरेपछि निर्वासितहरूलाई आफ्नो घर जान अनुमति दिइने अधिकारीहरूले बताए।

शनिबार राति एउटा अमेरिकी सैन्य विमानले ११६ भारतीय आप्रवासीलाई अमृतसर ल्याएको थियो । यसअघि फेब्रुअरी ५ मा १०४ भारतीयलाई संयुक्त राज्य अमेरिकाबाट फिर्ता पठाइएको थियो ।

दोस्रोपटक अमेरिकी राष्ट्रपतिको पद सम्हालेलगत्तै ट्रम्पले अवैध आप्रवासीहरूविरुद्ध व्यापक कारबाही सुरु गरेका छन्। गत हप्ता संयुक्त राज्य अमेरिकामा रहेका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारतले संयुक्त राज्य अमेरिकामा अवैध रूपमा बसोबास गरिरहेका आफ्ना कुनै पनि नागरिकलाई फिर्ता लिने बताएका थिए।

### डब्लुएचओमाथी ट्रम्पको ‘प्रहार’ र चीनलाई अवसर

**सारा नेवो, ५ फागुन ।**
जनवरी २० मा पद तथा गोपनीयताको शपथ कार्यक्रमको संक्षिप्त कार्यक्रमपछि डोनाल्ड ट्रम्पलाई एकपछि अर्को कार्यकारी आदेश अनुमोदनका लागि एउटा कागजात उनका अगाडि पेस गरिँदा उनले भनेका थिए, ‘ओहो, यो त निकै महत्वपूर्ण छ।’ राष्ट्रपतिले कागजातबारे अरू बढाइचढाइ भने गरेनन्। उनीसमक्ष एउटा महत्वपूर्ण आदेश पेस गरिएको थियो, जसअनुसार ट्रम्प प्रशासनलाई विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) बाट बाहिरन भनिएको थियो। निश्चय पनि ट्रम्पको बेपर्वाह आदेशले आर्थिक संकटमा परेको संयुक्त राष्ट्र संघीय निकायलाई घातक झट्का दिन सक्छ। डब्लुएचओलाई अमेरिकाले सन् १९४८ मा सहस्थापना गरेको थियो।

तर, ट्रम्पको यो कदमले अमेरिकाको सबैभन्दा ठुलो प्रतिद्वन्द्वी चीनका लागि ठुलो अवसर पनि खडा गरेको छ। अमेरिकाको घोषणासँगै बेइजिङले डब्लुएचओमा व्यहोर्नुपर्ने रकमको अंश बढाएर यस विश्वव्यापी स्वास्थ्य संगठनसँगको आफ्नो जटिल सम्बन्धलाई पुनर्लेखन गर्न सक्छ। त्यसपछि बेइजिङले विश्वव्यापी यस स्वास्थ्य संस्थाको निर्विवाद विजेताको रूपमा आगामी दिनमा नयाँ पोजिसन दाबी गर्न सक्छ।

ट्रम्पको कार्यकारी आदेशपछि चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले भने, ‘डब्लुएचओको भूमिकालाई केवल बलियो बनाउनुपर्छ। डब्लुएचओको कमजोर भूमिका किमार्थ स्वीकार्य हुँदैन। चीनले विश्वव्यापी स्वास्थ्य संस्थालाई सहयोग गर्नसमेत इच्छुक देखिएको छ। ‘चीनले सधैँझैँ डब्लुएचओलाई आफ्नो जिम्मेवारी पूरा गर्न सहयोग गर्नेछ र मानवताका लागि स्वास्थ्यको साझा समुदाय निर्माण गर्ने दिशामा काम गर्नेछ,’ प्रवक्ताले भने।

# प्रजातन्त्र र समाजवाद उन्मुख अर्थतन्त्र



शीतलप्रसाद महतो/रासस

मुलुकको आर्थिक रूपान्तरण अहिलेको आम चासोको मुख्य विषय हो। पछिल्लो समय यो राजनीतिक असन्तुष्टि पोख्ने मुख्य मुद्दा पनि बनेको छ। मुलुकमा प्रजातन्त्र स्थापना भएको चार दशकभन्दा बढी भइसक्दा पनि आमनागरिकको आर्थिक अवस्थामा बदलाव ल्याउन नसकेकामा आम असन्तुष्टि तीव्र देखिन्छ।

आर्थिक रुपान्तरण हुन नसक्दा मुलुकमा गरिबी, बरोजगारी र असमानता झन् बढ्दो छ। यसो हुनुका प्रमुख कारण राजनीतिक अस्थिरता र छिटोछिटो सरकार परिवर्तनलाई देखाइने गरिन्छ। त्यसो त सरकार परिवर्तनको कार्यलाई लोकतान्त्रिक अभ्यासको रूपमा व्याख्या गरिएको छ। नेपालको संविधानले समाजवादोन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था भएको समावेशी राष्ट्रको रूपमा आफूलाई स्थापित गरेको छ।

हुन त समाजवाद, सामाजिक न्याय र समानताका लागि आवश्यक छ। अर्को अर्थमा भने हो भने समाजको हित नै समाजवाद हो। वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक र सबैप्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्दै समानुपातिक, समावेशी र सहभागितामूलक शासन पद्धतिको माध्यमद्वारा दिगो विकास, सुशासन र समृद्धि गर्नु नै समाजवादी अर्थव्यवस्थाको मूल लक्ष्य रहेको छ। यो लक्ष्यमा पुग्नका लागि मुलुकको सङ्घीय संरचनामा तीन तहको सरकारको व्यवस्था गरेको छ। मुलुकमा उच्चस्तरको आर्थिक रुपान्तरण हासिल गर्ने हो भने तीनै तहका सरकारले गरिब, विपन्न र आर्थिक तथा सामाजिक रूपमा पिछडिएका वर्ग एवं समुदायलाई राष्ट्रिय विकासको मूलप्रवाहमा ल्याई उनीहरूलाई राज्यको उत्पादनशील स्रोत साधनमाथिको पहुँच, उपभोग र नियन्त्रणमा समानता र न्याय स्थापना गर्नै पर्दछ।

वास्तवमा राणाशासनको अन्त्य गर्दै २००७ फागुन ७ गते स्थापना भएको प्रजातन्त्रले नै मुलुकमा आर्थिक विकासको जग राखेको थियो। २०४६, २०६३ र २०६५ सालको परिवर्तनको जग र २०७२ सालको संविधानको आधार पनि २००७ सालको प्रजातन्त्र नै हो। त्यसैले प्रजातन्त्रलाई बलियो बनाउनु गणतन्त्र र सङ्घीयताका उपलब्धिलाई संस्थागत गर्ने आधार पनि हो। प्रजातन्त्रका उपलब्धिको लाभ आम जनसमुदायसम्म पुऱ्याउन राज्यका सबै संरचनामा जनताको सहभागिता आवश्यक हुन्छ। राज्यका सबै संरचनामा जनताको सहभागिता प्रजातन्त्रमा मात्र सम्भव हुन्छ।

प्रजातन्त्रको विकल्प भनेको अझ उन्नत लोकतान्त्रिक अभ्यास मात्र हुन्छ। कुनै पनि मुलुकलाई अगाडि बढाउने दिशामा त्यहाँको संविधान नै मूलदृष्टि र मार्गचित्र हुने गरेको छ र हुनु पनि पर्दछ। मुलुकमा सङ्घीयताको कार्यान्वयनसँगै आम नागरिकले आधारभूत वस्तु तथा सेवाको सुनिश्चित, गरिबीबाट मुक्ति, रोजगारीको उपलब्धता, सामाजिक न्याय र समता, सामाजिक कल्याण र सुरक्षा, स्वतन्त्रता, नागरिक तथा राजनीतिक अधिकारको प्रत्याभूति, मानवअधिकारको सम्मान, स्वच्छ र सफा प्राकृतिक वातावरण, सक्षम सुदृढ, सबल र प्रभावकारी प्रशासकीय संयन्त्र र सेवाप्रवाहमा गुणस्तरीयता सहितको सबैले अनुभूति गर्न सक्ने विकासको अपेक्षा गरेका छन्। नेपालको संविधानको मूल सार नै समाजवादोन्मुख राष्ट्र निर्माण गर्ने उल्लेख भएबाट नेपालको आगामी यात्रा समुन्नत समाजवादी राष्ट्र निर्माणतर्फ केन्द्रीत भएको स्पष्ट छ। त्यसैले हाम्रो विकासको अवधारणा अब उपेक्षित, शोषित र बहिष्करणमा परेका समुदायको समानुपातिक समावेशीकरण, जोखिम व्यवस्थापन, सुशासनको प्रत्यभूति, दिगो शान्ति तथा समावेशी र समानुपातिक समन्यायिक विकास सहित राजनीतिक, आर्थिक, सामाजिक, वातावरणीय र प्रशासकीय समुत्थानतर्फ केन्द्रित हुनुपर्दछ। समाजवाद उन्मुख आर्थिक विकासका लागि स्थानीय, प्रदेश र सङ्घीय तहमा आर्थिक, सामाजिक र वातावरणीय विकास तथा प्राकृतिक स्रोत व्यवस्थापनसम्बन्धी नीति कस्तो हुनुपर्छ भन्ने कुरामा अब बहस चलाउनु आवश्यक छ। त्यसैले अबको हाम्रो लक्ष्य भनेको नै सङ्घीयता कार्यान्वयनमार्फत समृद्ध र सम्मुन्नत नेपालको निर्माण गर्नु नै हो। यसैतर्फ नेपालका नीति तथा कार्यक्रम उन्मुख हुनुपर्छ।

**स्रोतसाधन र सम्पत्तिको न्यायोचित बाँडफाँट**

सङ्घीयता त्यतिबेला प्रभावकारी हुन्छ, जब राज्यका तीनै तहसँग स्रोतसाधनको उपयुक्त पहुँच र अधिकार सुनिश्चित हुन्छ। स्थानीय तह, प्रदेश र केन्द्रीय सरकारबीच एवं प्रदेश-प्रदेश र प्रदेश-स्थानीय तहबीच सम्पत्ति तथा आम्दानीको यथोचित बाँडफाँट नै सङ्घीयतामा आधारित शासन प्रणालीको सफलताको प्रमुख शर्त हो। त्यसैले सङ्घीय संरचनामा मुलुकको साधन र स्रोतको न्यायोचित बाँडफाँटलगायतका काम गर्न संवैधानिक अङ्गका रूपमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको परिकल्पना संविधानले गरेको छ। मुलुकमा उपलब्ध साधनस्रोत र आम्दानी कसरी विभिन्न तहबीच बाँडफाँट गर्ने भन्ने प्रस्ट विधि निर्धारण गर्न तत्काल राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग गठन गनुपर्ने अहिलेको अपरिहार्य आवश्यकता छ। वास्तवमा समाजवादी शासन अर्थ व्यवस्थाका मूलभूत विशेषता भनेको नै उत्पादकत्व वृद्धि, उत्पादनका साधनस्रोतमाथि स्थानीय, समुदाय, उत्पादक र श्रमिक वर्गको पहुँच र नियन्त्रणको सुनिश्चित, खुला र प्रतिस्पर्धी बजारको विकास एवं पुँजीमा वृद्धि, समन्यायिक कर प्रणाली, पुँजीको पुनःवितरण र स्वतन्त्र सामुदायिक जनसङ्गठनको विकास र समृद्ध समावेशी राष्ट्र निर्माण आदि हुन्। नेपालको प्राकृतिक स्रोतसाधन (जल, जङ्गल, जमिन) को दिगो व्यवस्थापन गर्दा समाजवादी अर्थव्यवस्थाका यिनै विशेषताहरूलाई आधार मानेर गर्नुपर्छ।

(क) उत्पादकत्व वृद्धि : नेपालको प्राकृतिक स्रोत साधन र उद्योग कलकारखानाको उत्पादन र उत्पादकत्व क्षमतामा व्यापक परिमाणमा वृद्धि गर्नुपर्ने हुन्छ। मुलुकमा राष्ट्रिय उत्पादकत्व वृद्धि हुन नसक्दा नै नेपालको अर्थतन्त्र परनिर्भरतातर्फ उन्मुख भएको छ। कृषिप्रधान मुलुक भएर पनि खाद्यान्नमा परनिर्भर हुनु परेको तीतो यथार्थ हामीसँग छ। कूल गार्हस्थ्य उत्पादनमा विप्रेषणको महत्वपूर्ण योगदान देखिए पनि यसको अधिकांश हिस्सा अनुत्पादक क्षेत्रमा अर्थात उपभोगमा मात्र खर्च हुने गरेको छ। त्यस्तो उपभोग आयातित वस्तुबाट पूरा हुने हुँदा आयात वृद्धि भई व्यापारघाटा चुलिदैं गएको हो। ‘हरियो बन नेपालको धन’ भन्दा हामीलाई गर्ब लाग्ने गर्दथ्यो तर अहिले त्यो इतिहासमा सिमित भइसकेको छ।

हरियो बन सक्यो, चुरे विनासमा पनि तीब्रता हुँदैछ। नदीनाला र खोलाको ढुङ्गा बालुवामा माफियाहरूको विगबिगी कहिल्यै अन्त्य भएन। मुलुकमा वर्षेनी अर्बौ रुपैयाँ मूल्य बराबरको काठ र जडिबुटीबाट बनेका औषधि तथा सामग्री आयात भइरहेका छन्। तीन दशकअघिसम्म चामल निर्यात गर्ने नेपाल अहिले हरेक महिना सरदर दुई अर्ब रुपैयाँको चामल आयात गर्ने मुलुकमा परिणत भएको छ। विगत १० वर्षमा कृषिको वार्षिक उत्पादन तीन प्रतिशतभन्दा नबढेको तथ्याङ्क छ। कम्तिमा दुई तिहाई जनता कृषिमा आधारित भएर जम्मा एक तिहाई मात्र कूल गार्हस्थ उत्पादन गर्ने नेपालको कृषि उत्पादन र उत्पादकत्व बढाउने दीर्घकालीन कृषि योजना आयो र गयो पनि तर उपलब्धि जस्ताको त्यस्तै रह्यो। यस्तो अवस्थामा अब सङ्घीय, प्रदेश र स्थानीय सरकारले उपयुक्त प्रकारको नीति, कार्यक्रम बनाई यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्छ। साथै, प्राकृतिक स्रोत साधनको दिगो व्यवस्थापनसँगै उत्पादन र उत्पादकत्व क्षमता अभिवृद्धि गर्नुपर्छ। त्यस्तै पुँजी, प्रविधि र व्यवस्थापनको माध्यमबाट नेपालको कलकारखाना र उद्योगको उत्पादन क्षमता र उत्पादकत्व वृद्धि गर्नुपर्छ।

(ख) उत्पादक वर्ग (स्थानीय समुदाय र श्रमिक) को हकहितको रक्षा : प्राकृतिक स्रोत साधन र उद्योग कलकारखानाहरू उत्पादनका साधन हुन्। यी उत्पादनका साधन स्रोतमाथि उत्पादक वर्ग अर्थात स्थानीय समुदाय र श्रमिक वर्गको अधिकार र सम्मानजनक सहभागिता भएन भने उत्पादकत्व वृद्धि हुन सक्दैन। यसका लागि उपयुक्त प्रकारका प्रविधि, पुँजी, सीप र लगानीको पनि उत्तिकै आवश्यकता पर्छ। त्यसैले समाजवादोन्मुख राष्ट्र निर्माणका लागि प्राकृतिक स्रोतसाधनमाथि स्थानीय समुदाय, आदिवासी, जनजाति, दलित, महिला र गरिब तथा विपन्न वर्ग एंव समुदायको सार्वभौम अधिकारको सुनिश्चित नीतिगत र कानुनी रूपमा गर्नुपर्छ। किनभने प्राकृतिक स्रोतमा निर्भर समुदाय, उद्योग, कलकारखानामा काम गर्ने श्रमिक वर्ग नै प्रमुख रूपमा उत्पादक वर्ग हुन्। कुनै पनि मुलुकको सामाजिक, राजनीतिक, आर्थिक, वर्गीय, क्षेत्रीय, प्रादेशिक सबै समस्याहरूको सोझो सम्बन्ध त्यहाँको आर्थिक गतिविधिसँग गाँसिएको छ। किनभने आर्थिक सम्बन्ध वा अन्तरसम्बन्धमा देखापर्ने जटिलता वा समस्याका कारण नै समाजमा सामाजिक, राजनीतिक, धार्मिक, वर्गीय, जातीय, लिङ्गीय विभेद्हरू सिर्जना हुन्छ। यिनै विभेद्हरू गहरिएर बढ्दै जाँदा समाजमा द्वन्द्व, विद्रोह र विखण्डनजस्ता कुराले प्रश्रय पाउँछन्। त्यसैले आर्थिक सम्बन्ध वा अन्तरसम्बन्ध तथा यसत्रबाट सिर्जित सामाजिक, प्रादेशिक र राष्ट्रिय तरङ्गहरूको विश्लेषण गर्नु भनेको नै मुलुकमा विद्यमान समस्या वा जटिलताहरूको सुक्ष्म रूपमा उपचार खोज्न सक्नु नै हो।

(ग) स्वतन्त्र बजार र पुँजीको विकास : प्राकृतिक स्रोत साधनको दिगो व्यवस्थापन र उद्योग कलकारखाना एवं सेवा क्षेत्रबाट भएको उत्पादनलाई बजारमा स्वतन्त्रतापूर्वक प्रवेश गर्न दिई पुँजीबजारको विकास गर्न दिन सक्नुपर्छ। स्थानीयदेखि राष्ट्रिय उत्पादनको सुरक्षाका लागि राज्यले आवश्यक नीति, कार्यक्रम र बजेट विनियोजन गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ। किनभने स्वतन्त्र बजार र पुँजीको विकास नै समाजवादी अर्थव्यवस्थाको मूल मर्म हो।

(घ) समन्यायिक कर प्रणाली : कर तिर्नु प्रत्येक नागरिकको कर्तव्य र दायित्व पनि हो। त्यस्तै नागरिकबाट सङ्कलित करको सही र उपयुक्त उपयोग गर्नु राज्यको दायित्व हो। तर नेपाली समाजमा कर तिर्नुपर्छ भन्ने मान्यता स्थापित भइनसकेको अवस्थामा आम नागरिकलाई सहजरूपमा कर तिर्ने वातावरणको सिर्जना गर्नु राज्यको कर्तव्य हो। नागरिकले कर तिरेअनुसारको सेवासुविधा प्रदान गर्न नसक्नु र सोही करको दुरुपयोग गर्दै पहुँचवालाहरूले व्यक्तिगत प्रयोजनमा खर्च गर्ने प्रवृति नै यसको प्रमुख कारण हो। राज्यलाई प्रभाव पार्न सक्ने सीमित व्यक्तिले यसरी करको दुरुपयोग गर्दा सम्रग कर नीति र प्रणालीप्रति नै आम जनताको नकारात्मक सोच उत्पन्न हुनु दुर्भाग्यपूर्ण हो। स्वतन्त्र बजार र पुँजीको विकास संगै त्यसकाट हुने आम्दानीमा समन्यायिक कर प्रणालीको विकास गर्नुपर्छ। यसो भन्नुको अर्थ धेरै आम्दानी गर्नेले धेरै कर तिर्ने र कम आम्दानी गर्नेले कम कर तिर्ने र कमाई गर्न नसक्ने गरिब, विपन्न वर्गले कर छुट प्राप्त गर्ने कर प्रणाली नै समन्यायिक कर प्रणाली हो।

(ङ) पुँजी र राजस्वको न्यायोचित वितरण : समाजवादोन्मुख समृद्ध राष्ट्र निर्माणका लागि आर्जन गरेको पुँजी र जम्मा भएको राजस्वलाई स्थिर भएर राख्नुभन्दा यसको न्यायोचित परिचालन गर्नुपर्छ। यस्तो पुँजी र राजस्वको बाँडफाँट गर्दा गरिब, विपन्न जनताको जीविकोपार्जनको समस्या समाधान गर्न ज्येष्ठ नागरिक, विधुवा, शारीरिक असक्त, बालबालिका आदिका लागि बिशेष भत्ता व्यवस्था गर्नुपर्छ। यसैगरी पिछडिएको वा पछाडि पारिएको दुर्गम र अन्य क्षेत्रमा विशेष बजेट र कार्यक्रम सञ्चालन गर्नुपर्छ। साथै, मानवीय पुँजी बढाउन, भोकमरी कम गर्न र खाद्य सुरक्षा कायम गर्नमा यसले महत्वपूर्ण योगदान गर्छ। त्यस्तै रोजगारी प्रवर्द्धन गरी समग्रमा समावेशी आर्थिक विकास एवं वृद्धि हासिल गर्नमा यसको भूमिका महत्वपूर्ण रहेको छ। आय र अवसरहरूमा सबैको समानुपातिक पहुँच बढाउने आर्थिक नीतिलाई बल पुऱ्याउने हुँदा सामाजिक सुरक्षा कार्यक्रमलाई विश्वका धेरैजसो मुलुकले आत्मसात् गर्दै आएका छन्। सामाजिक सुरक्षा भनेको कुनै व्यक्ति वा लक्षित समूहलाई नगद हस्तान्तरण गर्नु भन्ने मात्र होइन, उनीहरूका लागि आयमूलक, अन्य मानवीय विकासको अवसर सिर्जना र कर सहुलियत, बजार

बाँकी ३ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — धनार्जनका नयाँ बाटोहरू खुल्नेछन् । मित्रको सल्लाहले बिग्रेको काम बन्नेछ । साझेदारी व्यापारबाट लाभ मिल्ला।

**वृष** — नोकरी वा पेशामा नयाँ जिम्मेवारीको वहन गर्नुपर्ने हुन्छ। व्यापार व्यवसायमा लाभ मिल्नेछ। कलाको क्षेत्रबाट विशेष सफलता पाइनेछ।

**मिथुन** — कार्यक्षेत्रमा प्रतिस्पर्धीलाई उछिन्दै र विभिन्न अवसरहरु प्राप्त गर्न सक्नुहुनेछ। मेहनतले राम्रै नाम कमाउन सकिएला।

**कर्कट** — प्रतिस्पर्धी स्वतः पराजित हुनेछन्। दिगो कार्य प्रारम्भ गर्ने समय रहेको छ । विद्यार्थीहरूलाई अध्ययन अध्यापनमा सफलता मिल्नेछ।

**सिंह** — प्रियजनहरूको सानिध्यले दिन रमाइलो रहनेछ । प्रशासनिक सहयोगले कुनै विशिष्ट कार्यसम्पादन गर्नमा सफलता पाइनेछ।

**कन्या** — मान सम्मानमा प्रतिष्ठित कार्य गर्ने अवसर मिल्नेछ। उत्कृष्ट बोलि वा लेखनको सहायताले विशेष उपलब्धि प्राप्त गर्न सक्नुहुनेछ।

**तुला** — वैदेशिक रोजगारको नयाँ अवसर प्राप्त हुनेछ । व्यवहारमा विपरीत परिस्थितिसँग जुध्नुपर्ने अवस्था आउन सक्ला।

**वृश्चिक** — पारिवारिक कारणले मनमा निराशा वा चिन्ता रहनेछ । कार्यक्षेत्रमा उच्च अधिकाहरूको साथ मिल्नेछ। व्यापार व्यवसायमा सामान्य लाभ रहनेछ।

**धनु** — परिश्रमको अनुरूप कार्यक्षेत्रमा सफलता मिल्नेछ । राजनीतिक क्षेत्रमा नयाँ अवसरहरू मिल्ने योग छ । नोकरी वा पेशामा आत्तिएर निर्णय नलिनुहोला।

**मकर** — धर्म र कर्ममा बृद्धि हुनेछ। कार्यक्षेत्रमा जोश जागर बढ्नेछ । मानसिक रूपले थकान महसुस हुनेछ । दाम्पत्य जीवन सुमधुर रहनेछ।

**कुम्भ** — नँया नोकरीमा सफलता मिल्नेछ । राजनीतिक क्षेत्रमा प्रभाव बढ्नेछ । नोकरी वा पेशामा उच्च अधिकारीहरूको सहयोग मिल्नेछ।

**मीन** — साझेदारी व्यवसायमा साझेदारको सहयोग मिल्नुको साथै नयाँ धन आउने स्रोतहरू बढ्नेछन् । जीवनसाथीसँग मनमुटाव थियो भने सुल्झिनेछ।

## नेप्से परिसूचकमा २९ दशमलव ८७ अङ्कको वृद्धि

**युग संवाददाता**
**काठमाडौँ, ५ फागुन ।**

यो साता कारोबारको लगातार दोस्रो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बढेको छ। सोमबार नेप्से २९ दशमलव ८७ अङ्कले बढेर दुई हजार सात सय २७ दशमलव ९१ को बिन्दुमा कायम भएको हो। यो एक दशमलव १० प्रतिशतको वृद्धि हो।

सोमबार तीन सय दुई कम्पनीको एक करोड ८० लाख ८१ हजार एक सय ६८ कित्ता शेयर एक लाख दुई हजार आठ सय ६१ पटक खरिदबिक्री हुँदा रू १० अर्ब चार करोड ९६ लाख ५४ हजार आठ सय ३२ बराबरको कारोबार भएको छ। सोमबारको कारोबारमा बैंकिङ दुई दशमलव १६, होटल तथा पर्यटन दुई दशमलव २९, लघुवित्त दुई दशमलव ४५ र अन्य समूह दुई दशमलव ४७ प्रतिशतले बढेको छ। त्यस्तै विकास बैंक शून्य दशमलव ३३, लगानी शून्य दशमलव २०, जीवन बीमा शून्य दशमलव ८९, उत्पादन तथा प्रशोधन शून्य दशमलव ७७, म्युचुअल फन्ड शून्य दशमलव ५२ र निर्जीवन बिमा समूह एक दशमलव ०७ प्रतिशतले बढेको छ।

# कर्णाली उत्सवः ‘कुडा कर्नालीका’ सुरु

**युग संवाददाता**
**सुर्खेत, ५ फागुन ।**

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतमा सोमबारदेखि कर्णाली उत्सव ‘कुडा कर्नालीका’ सुरु भएको छ। उक्त महोत्सव तीन दिनसम्म चल्नेछ। उक्त महोत्सवको सोमबार यहाँ आयोजित एक कार्यक्रमबीच कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले उद्घाटन गरे। ‘ऋति फाउन्डेसन’ले कर्णालीको समग्र क्षेत्रको पहिचान सम्बन्धी जानकारी दिन र प्रदेशको सम्भावना केलाउने उद्देश्यले महोत्सवको छैटौं संस्करण आयोजना गरेको हो।

उद्घाटन कार्यक्रममा मुख्यमन्त्री कँडेल, कर्णाली प्रदेशका भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री गमता विक, सरकारका पूर्वसचिव केवलप्रसाद भण्डारी, वैदेशिक रोजगार बोर्डको सचिवालयका कार्यकारी निर्देशक डा द्वारिका उप्रेती, कर्णाली प्रदेश योजना आयोगका उपाध्यक्ष सूर्यनाथ योगीलगायतले छलफलको उत्सवका रूपमा सञ्चालन हुँदै आएको कार्यक्रमले कर्णालीलाई नेपाल तथा विश्वमा चिनाउन सहयोग पुर्‍याएको बताए।

उत्सवको पहिलो दिन सोमबार राजनीतिक चिन्तक विश्वभक्त दुलाल (आहुति)ले ‘मान्ठ र मइडो’का बारेमा प्रवचन दिएका छन्। कार्यक्रममा एक हजार ३०० जनाको सहभागिता रहेको आयोजकले जनाएको छ।

कर्णाली उत्सवः ‘कुडा कर्नालीका’ छैटौं संस्करण २०८१ का संयोजक कमल लम्सालले विचारहरुको मन्थनबाट कर्णालीको सम्भावना र भविष्य खोज्ने थलोका रुपमा उत्सव मनाउन थालिएको बताए।

कर्णाली उत्सवको पाँचौं संस्करणसम्म भएका उपलब्धि भनेकै यसलाई चिन्ने र चिनाउने प्रयास हो भन्दै संयोजक लम्सालले नीतिगत सुझाव सङ्कलन तथा नीति निर्माता एवं कार्यान्वयनकर्ताको ध्यानाकर्षणमा यसले महत्वपूर्ण भूमिका खेल्दै आएको दाबी गरे।

राष्ट्रिय योजना आयोगका पूर्व सचिव तथा कर्णाली उत्सवः ‘कुडा कर्नालीका’ संरक्षक केवलप्रसाद भण्डारीले वि.सं २०७६ देखि उत्सवले कर्णालीमा सामाजिक संवाद सुरु गरेको बताए। उत्सवका विषयवस्तु/सामग्री संयोजक प्रकाश लामिछानेले सोमबार फागुन ५, ६ र ७ गतेसम्म वीरेन्द्रनगर सिटी हलमा सञ्चालन हुने उत्सवमा प्रस्तुत हुने विषयवस्तु एवं सामग्रीबारे पत्रकारलाई जानकारी दिए।

उनका अनुसार आज फागुन ५ गते पहिलो दिन ‘के पढ्यौं के पढायौं ?’ ‘स्वाइनीको स्वर ‘खस कुडा खास कुडाः किस्सा तन्नेडीका’, ‘बैकेनी बोल्लिछन्,’ भोलि दोस्रो दिन ‘स्याउको सह,’ ‘आश लाग्दो अर्थतन्त्र,’ ‘छोरीको छहारी,’ ‘टेको सङ्घीयताको,’ ‘कर्णालीमा मधेश’ र पर्सि तेस्रो दिन ‘खलङ्गाः शक्तिको सदरमुकाम,’ ‘चौघान चर्चा,’ ‘राजनीतिः रहर-लहड, ‘मनउँदो कर्णाली मैदानउँदो’ कर्णाली प्रस्तुत हुनेछन्।

त्यस्तै, उत्सवमा कर्णाली चिनाउन विशेष योगदान गर्ने गोविन्द नेपाली (रङ्गकर्मी), प्रवासकुमार शाक्य (रक्तदान अभियान्ता र दिपा राना (सहकारी अभियान्ता) लाई पैकेलो (नायक/नायिकाका)रुपमा सम्मान गरिने आयोजक समितिका सम्पर्क व्यक्ति माधवप्रसाद चौलागाईंले जानकारी दिए।

उनका अनुसार सोमबार पहिलो दिन राजनीतिक चिन्तक विश्वभक्त दुलाल (आहुती), मंगलबार प्राडा जीवेन्द्रदेव गिरी र बुधबार राजनीतिक विश्लेषक हरि शर्माले क्रमशः मान्ठ र मईडो, कणालीको बोली, लोकतन्त्र र लोकमन्त्रका विषयमा विद्वत प्रवचन दिनेछन्।

## वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा शुक्लाफाँटाको उत्कृष्ट नतिजा

**युग संवाददाता**
**कञ्चनपुर, ५ फागुन ।**

स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा सुदूरपश्चिम प्रदेशमै शुक्लाफाँटा नगरपालिकाले उत्कृष्ट नतिजा ल्याएको छ। आव २०८०/८१ को स्थानीय तह वित्तीय सशासन जोखिम मूल्याङ्कनमा नगरपालिकाले ९५ अङ्क ल्याएर सुदूरपश्चिम प्रदेशमा दोस्रो र कञ्चनपुर जिल्लामा प्रथम भएको छ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको वित्तीय प्रणाली व्यवस्थित, पारदर्शी, विधिसम्मत् र प्रभावकारी बनाउनका लागि बर्सेनि स्थानीय तहको मूल्याङ्कन गर्दै आएको छ।

योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन, कार्यान्वयन क्षमता व्यवस्थापन, लेखाङ्कन तथा प्रतिवेदन, अनुगमन मूल्याङ्कन तथा लेखापरीक्षण र राजस्व व्यवस्थापनमा गरी पाँच वटा बुँदामा मन्त्रालयले मूल्याङ्कन गर्दै आएको छ।

सोही पद्धतिका आधारमा स्थानीय तहलाई मन्त्रालयले बजेट पठाउने गर्दछ। वित्तीय व्यवस्थापनका सम्भावित जोखिमका क्षेत्रको पहिचान गरी यसको लेखाजोखाको माध्यमबाट स्थानीय तहको वित्तीय सुशासनलाई संस्थागत गर्न जोखिम मूल्याङ्ककन गरिँदै आएको नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत खेमराज विष्टले बताए।

उनका अनुसार नगरपालिकाले योजना, बजेट तथा कार्यक्रम व्यवस्थापनमा १९ दशमलव ५, कार्यान्वयन क्षमता तथा व्यव्थापनमा २७ दशमलव ५,लेखाङ्कन तथा प्रतिवेदनमा १७, मूल्याङ्कन तथा लेखापरीक्षणमा १५ र राजस्व व्यवस्थापनमा १६ अङ्क प्राप्त गरेको छ। जनप्रतिनिधि र कर्मचारीको प्रयास अनुसार नगरपालिकाले मूल्याङ्कन प्रक्रियामा उत्कृष्ट नतिजा हासिल गर्न सफल भएको नगर प्रमुख रणबहादुर महराले बताए। “तोकिएको आधारमा बेरुजु फछ्र्यौट गर्न सफल हुँदा र निर्धारित समय अगावै नगरसभा गरी बजेट पास गर्न सकिँदा सुदूरपश्चिम प्रदेशमै उत्कृष्ट भएका छौं” उनले भने।

स्थानीय तह वित्तीय सशासन जोखिम मूल्याङ्कनको प्रकाशित नतिजा अनुसार भीमदत्त नगरपालिकाले ७८ दशमलव ५, बेदकोट नगरपालिकाले ९३, कृष्णपुर नगरपालिकाले ७७, बेलौरी नगरपालिकाले ८२ दशमलव ५, पुनर्वास नगरपालिकाले ६६ दशमलव ५, बेलडाँडी गाउँपालिकाले ९० दशमलव ५ र लालझाडी गाउँपालिकाले ८८ दशमलव ५ अङ्क प्राप्त गरेको छ।


## मालपोत कार्यालय सुर्खेतको ३५ दिने सार्वजनिक सूचना

चिङ्गाड गाउपालिका वडा नं. १ बस्ने विष्णु अधिकारी समेतले हाम्रा/मेरा पति समेतका पविलाल अधिकारीका नाउँमा जग्गा दर्ता भएको र निजको मिति २०६५/०७/२५ मा बेपत्ता भएको हुँदा बेपत्ताका नामको जग्गामा हक लाग्ने निजका हकवाला साझा हकदार विष्णु अधिकारी समेत जिवित ज.ध. सहित ७ जना भएकोले हाम्रा/मेरा नाउँमा नामसारी गरी पाउँ भन्ने बेहोराको साझा नामसारीको मिति २०८१/०९/१९ को निवेदन भएको।
यस कार्यालयबाट कारबाही हुँदा यस कार्यालयको मिति २०८१/११/०४ को आदेश अनुसार यो ३५ दिने सार्वजनिक तथा हकदारको नाउँको सूचना प्रकाशित गरिएको छ। बेपत्ता पविलाल अधिकारी समेतको नाउँको तपशिलको जग्गामा हक लाग्ने हकदार अरु कोही भए यो सूचना टाँस गरिएको मितिले बाटाको म्याद बाहेक ३५ दिनभित्र प्रमाण काजगसहित यस कार्यालयमा उजुरी गर्न आउनुहोला। यो सूचनाको म्याद भित्र उजुरी/दाबी नगरेमा नियामनुसार भैइजाने व्यहोरा हकदार र अरु सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

**जग्गाको विवरण**

| जग्गा धनीको नामथरः | गा.वि.स. | वडा नं. | कित्ता नम्बर | क्षेत्रफल |
|---|---|---|---|---|
| १) नर बहादुर | लावन | ७ क | २३ | ९-९-२-२ |
| २) तेज बहादुर | लावन | ७ ग | १५ | ९-१-१-१ |
| ३) चन्द्र बहादुर | लावन | ७ ग | १६ | १७-०-०-१ |
| ४) श्रीमती धनसरा | | | | |

५) टिका अधिकारी ६) असेम बहादुर अधिकारी ७) टेक बहादुर अधिकारी

यसमा ज.ध. टिका अधिकारी असेम बहादुर अधिकारी र टेकबहादुर अधिकारी जिविर्त रहेका। ज.ध. श्रीमती धनसराको मृत्यु भएको र निजको र निजको नाम थर जैसरा अधिकारी भएको (मृत्यु मिती २०६३/०६/१६), ज.ध. चन्द्र बहादुर अविवाहित अवस्थामा मिति २०४६/०६/१३ गते मृत्यु भएको, ज.ध. नर बहादुर मिति २०७५/०९/२० मा मृत्यु भएकोमा निजका एकमात्र श्रीमती डिल कुमारी अधिकारी मिति २०६६/०१/१० मा अन्य पुरुषसँग भारततर्फ गई वेपत्ता भएको निज दाम्पत्तिबाट जन्म भएका एकमात्र छोरा खिम बहादुर अधिकारी निवेदक रहेको, ज.ध. तेज बहादुरको मिति २०७६/११/०८ मा मृत्यु भएको निजका एकमात्र श्रीमती टिका वली निवेदक रहेका, ज.घ. पविलाल अधिकारी मिति २०६५/०७/२५ मा भारततर्फ गई बेपत्ता भएका, निजका एकमात्र श्रीमती विष्णु अधिकारी निवेदक रहेका, ज.ध. धनसरीका छोराहरु मध्य नन्द बहादुर अधिकारी समेत हकदार रहेका यसमा ज.ध. धनसरा र जैसरा अधिकारी, टिकादेवी अधिकारी र टिका अधिकारी र ओम बहादुर अधिकारी र असेम बहादुर खत्री भन्ने व्यक्ति फरक फरक नभई एउटै भएको व्यहोरा समेत चिंगाड गा.पा. १ नं वडा कार्यालय रजेना, सुर्खेतको च.न. ३९३ मिति २०८१/०९/१४ को फोटो टाँस सहितको किटानी सिफारिस समेत निवेदन दर्ता हुन आएकोमा यसमा हकलाग्ने वा व्यहोरा फरक भई सच्याउने वा खारेज नै गर्नुपर्ने भए सप्रमाण समयावधि भित्रै कार्यालयमा उजुरी गर्न समेत जानकारी गराइन्छ।


## मदन भण्डारी स्पोर्टस् एकेडेमीले खेलाडीलाई सम्मान गर्ने

**युग संवाददाता**
**सुर्खेत, ५ फागुन ।**

मदन भण्डारी स्पोर्टस् एकेडेमीले खेल क्षेत्रमा योगदान पुर्‍याउने खेलाडी तथा व्यक्तिलाई सम्मान गर्ने भएको छ। एकेडेमी कर्णाली प्रदेशको मंगलबार हुने अधिवेशनको अवसर पारी खेल क्षेत्रबाट कर्णालीलाई राष्ट्रिय तथा अन्तराष्ट्रिस्तरमा चिनाउन योगदान पुर्‍याउने खेलाडी तथा व्यक्तिहरुलाई सम्मान गर्न लागिएको जनाईएको छ।

सोमबार वीरेन्द्रनगरमा जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा एकेडेमीका केन्द्रीय उपाध्यक्ष तेजविक्रम बस्नेतले अधिवेशनको अवसरमा विविध खेलमार्फत योगदान पुर्‍याउने आठ जना खेलाडी तथा यस सम्बद्ध व्यक्तिहरुलाई सम्मान गर्न लागिएको बताए। उनीहरुलाई मेडल तथा सम्मान पत्र प्रदान गरिने उनले बताए।



कर्णालीलाई गरिब र पिछडिएको प्रदेश भनेर हेपिने प्रवृत्तिको अन्त्यका लागि एकेडमेमीले काम गर्दै आएको उल्लेख गर्दै उपाध्यक्ष बस्नेतले कर्णालीको आफ्नै मौलिकता र क्षमता रहेको बताए। कर्णालीका युवा तथा खेलाडीलाई खेल क्षेत्रमा अवसर दिइएको खण्डमा सिङ्गो देशकै गरिमा बढाउन सहयोग पुग्ने बस्नेतको दावी छ।

उनका अनुसार अधिवेशनबाट नयाँ नेतृत्व चयनसँगै खेल र खेलाडीसँग सम्बन्धित विविध कार्यक्रमको आयोजना गरिएको छ। सबैका लागि खेकुद भन्ने नाराका साथ खेलकुदलाई स्पष्ट दिशाबोध गर्ने उद्देश्यले स्थापना भएको मदन भण्डारी स्पोर्टस् एकेडेमीले १५ वर्षदेखि खेलकुद क्षेत्रको दिगो विकासमा क्रियाशिल रहदै आएको छ। जननेता स्वर्गीय मदन भण्डारीको विचारलाई आत्मसाथ गर्दै एकेडेमीले विभिन्न संघ संस्थाहरुसँगको सहकार्यमा खेलकुदको विकासमा योगदान पुर्‍याउदै आएको छ।

## प्रजातन्त्र....

सम्बन्ध, शैक्षिक र स्वास्थ्यजन्य पहुँच सुनिश्चित गर्नु पनि हो। सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत कुनै देशले वृद्धवृद्धा वा ज्येष्ठ नागरिक वा गरिबलाई सोझै नगद अनुदान दिइने व्यवस्था गरेका हुन्छन् भने धेरैजसो देशले त आयआर्जन र अन्य समान पहुँचको अबधारणालाई अभ्यास गर्दै आएका छन्।

(च) स्वतन्त्र, आत्मनिर्भर र समृद्ध राष्ट्र निर्माण : अभावबाट मुक्ति, दिगो र समानुपातिक विकास, स्वतन्त्रता र पहिचानसहितको आत्मसम्मानयुक्त जीवन आमनेपालीको अभिलाषा हो। सम्मानजनक र लाभजन्य रोजगारी सिर्जना गर्ने तथा आर्थिक असमानता घटाउँदै क्षेत्रीय र प्रादेशिक सन्तुलन कायम गर्ने, रोजगारमूलक, गरिबोन्मुख र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्ने, सुशासन र सेवा प्रवाहमा प्रभावकारिता देखाउने, भौतिक पूर्वाधार विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासमा जोड दिई समावेशी विकाससहितका लक्षित कार्यक्रम सञ्चालन गर्ने जस्ता विषयहरू चुनौतीपूर्ण बन्दै गएका छन्। त्यसैले अबको मुख्य दायित्व भनेको नै गरिबी निवारण, भूकम्पपछिको पुनःनिर्माण र मुलुकको आर्थिक तथा सामाजिक विकास एवम् सम्बृद्धि हुनुपर्छ। यसका लागि सरकार र राजनीतिक दल अत्यन्त गम्भीर भएर संघीयताको उपयुक्त अवधारणालाई प्रभावकारी र व्यवस्थित रूपमा कार्यान्वयनमा ल्याउन सक्नुपर्दछ। सङ्घीयतासहित समावेशी स्वरूपमा आधारित आर्थिक, सामाजिक, राजनीतिक र संस्थागत नीतिको अवलम्बनबाट मात्र आर्थिक समृद्धि र सामाजिक न्यायसहितको आर्थिक विकास हुन सक्दछ। त्यति भए मुलक अवश्य आर्थिकरुपले समृद्ध र समाजवादोन्मुख अर्थतन्त्रको विकास सुनिश्चित हुन्छ।

## बालबालिकामा....

बालकले छिमेकी ११ वर्षीय खेमराज विष्टको घरेलु प्रयोजनका हतियार प्रयोग गरी २५ माघमा विभत्स हत्या गरी खाल्डोमा पुरेको अवस्थामा शव फेला परेको छ। चोरीका घटना सार्वजनिक हुने भयले दाजुभाई मिलेर विष्टको विभत्स हत्या गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ।

एक्कासी परिवारबाट सम्पर्कविहिन भएका विष्टको खोजिका लागि परिवारले इलाका प्रहरी कार्यालय दुल्लुमा निवेदन दिएका थिए। परिवारले दिएको खोज तलासको निवेदनका आधारमा अघि बढेको प्रहरीले शनिबार सम्पर्कविहिन हुनुअघि विष्टको साथमा रहेका दुई बालकमाथि अनुसन्धान गर्दा घटना सार्वजनिक भएको हो।

जिल्ला प्रहरी कार्यालय दैलेखका सूचना अधिकारी एवम् प्रहरी निरीक्षक लालबहादुर सुनारका अनुसार निज बालकहरु उपर सोधपुछ तथा अनुसन्धान गर्ने क्रममा निजहरुले चोरी गरि ल्याएको सुनको गहना (तिलहरी) बिक्री गर्ने बिषयमा आपसमा बिवाद हुँदा बालको हत्या गरी घर नजिकै रहेको खोला छेउमा खाल्डो खनी गाडेका छौं भनेका थिए। बालकहरुको बयानका आधारमा घटनास्थलमा पुगेको प्रहरीले संकास्पद ठानेपछि जिल्ला प्रहरी कार्यालय दैलेखका प्रमुख प्रहरी नायव उपरीक्षक सुनिल दाहाल आफै घटनास्थलमा पुगेर अनुसन्धान थालेका थिए।

अनुसन्धानका क्रममा बाँसघारी नजिकैको खोल्साको छेउमा खाल्डो खनी गाडेको अवस्थामा बालकको शव फेला परेको थियो। उक्त घटनामा संलग्न रही कानूनी बिवादमा परेका बालकहरु लाई पक्राउ गरि जिल्ला अदालत दैलेखबाट म्याद लिई थप अनुसन्धान भइरहेको दैलेख प्रहरीले जनाएको छ। हत्यामा संलग्न बालकहरुका बुवाआमा रोजगारीका लागि भारतमा छन्। स्थानीयका अनुसार निज बालकहरु विभिन्न चोरीका घटनामा संलग्न हुँदै आएका थिए।

त्यस्तै, ९ माघ २०८१ मा पनि यस्तै प्रकृत्तिको घटना जाजरकोटमा पनि सार्वजनिक भएको थियो। जाजरकोटको बारेकोट गाउँपालिका-७ स्यालामा तीन वर्षीया बालिकाको हत्यामा संलग्न भएको आरोपमा १२ वर्षीय बालकलाई प्रहरीले नियन्त्रणमा लिएपछि घटना सार्वजनिक भएको थियो। नियन्त्रणमा लिइएका बालकले धारिलो हतियार प्रयोग गरी बालिकाको घाँटी रेटेर घाँस राख्ने टहरामा घाँसको पुलाले छोपेको अवस्थामा शव फेला परेको थियो।

प्रहरीको प्रारम्भिक अनुसन्धानबाट पक्राउ परेका बालकले बालिकालाई बलात्कारको प्रयासपछि बालिकाले प्रतिकार गर्न खोज्दा धारिलो हतियार (चक्कु) ले घाँटी रेटेर हत्या गरेको खुलेको थियो। त्यसको तीन दिनपछि सुदुरपश्चिम प्रदेशको अछाम जिल्लामा पनि यस्तै विभत्स हत्याको घटना घट्यो। १२ माघ २०८१ मा जंगलमा मृत भेटिएका ढकारी गाउँपालिका-८ की १४ वर्षीया इशरा खड्का र १५ वर्षीया सरस्वती खड्काको हत्या भएको तथ्य सार्वजनिक भएको थियो। यौन प्रस्ताव अस्वीकार गर्दा दुवै किशोरीको हत्या भएको निष्कर्ष प्रहरी अनुसन्धानले निकालेको थियो। उक्त घटनामा पनि २० वर्ष मुनीका दुई बालकहरु संलग्न भएका थिए।

इशरा र सरस्वतीको ढकारी गाउँपालिका-३ का दुई जना किशोरले हत्या गरेको प्रहरी अनुसन्धानबाट खुलेको थियो। प्रहरीका अनुसार इशरा र सरस्वती ब्राखा चराउन गएका समयमा पक्राउ परेका दुई जना किशोर पनि पुगेका थिए। उनीहरू किशोरीहरूसँगको फोन सम्पर्कका आधारमा जंगल पुगेको र यौन सम्पर्कको प्रस्ताव किशोरीहरूले नमान्दा हत्या गरेको आरोपीले स्वीकार गरेका थिए। सरस्वतीलाई किशोरले यौन प्रस्ताव राखेको र त्यो अस्वीकार गरेपछि १५ वर्षीय प्रेमीले ढुंगाले हानेर उनको हत्या गरेका थिए। सरस्वतीको हत्या भएको कुरा गाउँमा भनिदिने भन्दै भाग्ने क्रममा इशरालाई उनका प्रेमी १७ वर्षीय किशोरले ढुंगाले हानेर हत्या गरेको प्रहरी अनुसन्धानले देखाएको छ। उल्लेखित घटनाहरु प्रतिनिधिमुलक मात्रै होइनन् पछिल्लो समय सामान्य विवादमै हत्या जस्तो जघन्य अपराधमा सानै उमेरका बालबालिकाहरु संलग्न हुनेक्रम बढ्नसक्ने जोखिमका कुर तस्वीरका संकेत हुन्। जसले सानै उमेरका बालबालिकामा पनि जघन्य अपराधिक मानसिकता बढ्ने खतराको संकेत गर्दछ।


## वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**वीरेन्द्रनगर, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

## ठेक्का स्वीकृतीको आशयको सूचना

**(सूचना प्रकाशन मिति: २०८१/११/०६)**

यस कार्यालयबाट विभिन्न मितिमा प्रकाशित वोलपत्र आब्हानको सूचना बमोजिम रितपूर्वक दर्ताहुन आएका वोलपत्रहरुको बिभिन्न मितिमा बसेको वोलपत्र मुल्यांकन समितिको सिफारिस बमोजिम तपसिलको वोलपत्र न्यूनतम मूल्यांकन सारभुत प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्वन्धित सवैको जानकारीका लागि प्रकाशन गरिएको छ।

**तपसिल:**

| क्र.सं. | ठेक्का नं. | आयोजनाको नाम र आयोजना स्थल | सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर तथा PS वाहेक) |
|---|---|---|---|---|
| १ | ncb/ bm/w/8182/44 | Shree Satya Sai Kendra Bhawan Nirman, Birendranagar 8, Surkhet | Shree Bilaspur Nirman Sewa Narayan 6, Dailekh | 27,17,591.59 |
| २ | ncb/ bm/w/8182/47 | Tripuresore Ma. Vi. Building Construction Works Birendranagar 1, Surkhet | Parash Nirman Sewa Khandachakra-11, Kalikot | 26,17,944.03 |
| ३ | ncb/ bm/w/8182/48 | Sanilekh to Bhitrikhola Road Construction Works Birendranagar 16, Surkhet | Royal Consult & Builders Birendranagar 7, Surkhet | 14,87,644.20 |

**प्रमुख प्रशासकीय अधिकृत**
**वीरेन्द्रनगर नगरपालिका कार्यालय, सुर्खेत**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान राष्ट्रिय दैनिक

# बगरमा प्याज खेती गर्दै किसान

**युग संवाददाता**
**टीकापुर, ५ फागुन ।**

कैलालीको टीकापुर-८ अरुणाफाँटाका किसानले कर्णाली नदीको बगरमा प्याजखेती गर्दै आएका छन् । यस वर्ष करिब ५० जना किसानले बगरमा प्याजखेती गरेका छन् । कर्णाली नदीको किनारामा विगत तीन वर्ष केही किसानले प्याजखेती गर्दै आएको भए पनि यसवर्ष धेरै किसानले प्याजखेती गरेको स्थानीयको भनाइ छ ।

माटोमा भन्दा बालुवामा प्याज उत्पादन राम्रो हुने भएपछि फाँटाका किसानले बगरमा प्याजखेती गर्न लागेको बताएका छन् । तीन वर्षदेखि बगरमा प्याजखेती गर्दै आएका स्थानीय सहिबहादुर चौधरीले यसवर्ष ८६ किलो प्याजको बीउ लगाएको बताए ।

"गतवर्ष २० किलो प्याजको बेर्ना लगाएर तीन क्विन्टल प्याज उत्पादन भयो", चौधरीले भने, " गत वर्ष बेर्ना राम्रो भएन, पहिलो पटक १३ किलो बेर्ना लगाएर पाँच क्विन्टल उत्पादन भएको थियो ।"यसवर्ष अढाइ कठ्ठामा खेती गरेको उनको भनाइ छ । "सुरुमा हामी एक दुई जनाले खेती गर्थ्यौं अहिले पूरै गाउँ प्याज खेतीमा लागेको छ",चौधरीले भने,"सुरुमा साँझ बिहान सिँचाइ गर्नुपर्छ, हुर्केपछि धेरै मेहनत गर्नुपर्दैन ।"

विगतमा भारतीय व्यापारीले त्यहाँ लौका र खर्बुजा खेती गर्ने गरेका थिए । स्थानीयले प्याजखेती गर्दा जग्गा खाली नभएपछि भारतीय किसान आउन छाडेको स्थानीयको भनाइ छ । गत वर्ष ६ किलो बेर्ना लगाएर डेढ क्विन्टल बढी प्याज उत्पादन गरेको रामदुलारी चौधरीले बताए । "पोहोरसाल ६ किलो प्याजको बेर्ना लगाएको थिए, यसवर्ष १६ किलो बेर्ना लगाएका छौं", रामदुलारीले भने,"पोहरसाल एक क्विन्टल २० किलो बिक्री गरेको थिए, बाँकी आफन्तलाई दियौं र घरमा खायौं ।"

"बालुवामा प्याज ठूला ठूला दाना लाग्छन्,५/६ दाना हालेपछि एक किलो पुग्छ", रामदुलारीले भन्नुभयो,"पानी बढी चाहिन्छ, पानी नदीमा भएका कारण समस्या छैन ।"प्याजखेती गर्दा किसानले गोबर मलसहित जिन्क, पोटास र यूरिया प्रयोग गर्ने गरेको बताउँछन् । बालुवामा सिँचाइ गरेपनि सुक्ने भएकाले सुरुका दिनमा दैनिक तीन पटक सिँचाइ गर्नुपरेको किसानको भनाइ छ । बालुवामा प्याज उत्पादन बढी हुन्छ भनेर यस पटकबाट बगरमा प्याजखेती सुरु गरेको टीकापुर-८ वनगाँउका किसान हिक्मत ठकुल्लाले बताए । ठकुल्लाले पहिलो पटक १६ किलो बेर्ना लगाएको बताउँदै पहिलो पटक अनुभव लिन लागेको बताए । " फाँटा गाउँका किसानले लगाएको देख्दा मैले पनि खेती गरेको छु, सिँचाइ बढी गर्नुपर्ने रहेछ", ठकुल्लाले भने,"मसँग त अरु खेत पनि छ तर बगरमा राम्रो फल्छ भनेर यतातिर लागेको हुँ ।"

प्याज खेतीको लागि खुकुलो माटो उपयुक्त हुने भएकाले राम्रो उत्पादन भएको हुनसक्ने जानकी गाउँपालिकाका कृषि शाखा प्रमुख लालवीर चौधरीले बताए । " हामीले बगरमा कृषि खेतीगर्नुहोस् भनेर सिफारिस गर्दैनौं तर प्याजका खेतीका लागि खुकुलो माटो चाहिन्छ ।" चौधरीले भने ।

फाँटा गाउँका किसानले प्याजखेती बढाएपछि किसान बगरको प्याजखेती हेर्न आउने गरेको स्थानीय समाजसेवी शेरबहादुर साउदले बताए । "अहिले दैनिकजसो अन्यत्रका किसान यो प्याजखेती हेर्न आउँछन्", साउदले भने, "यसरी सफल हुँदै गयो, भने कर्णालीको बगर हिउँदमा खाली हुँदैन ।" बगरमा प्याजखेती सफल हुँदैगएमा टीकापुर नगरपालिकाको वडा नम्बर ५, ६ र ७ का किसानले पनि खेती गर्ने अवसर पाउनेछन् ।

## बढ्दै....

तथ्यांक अनुसार हत्यामा नजिकका आफन्त र परिवारका सदस्यबाट धेरै भएको छ । प्रहरीको तथ्यांक अनुसार आर्थिक वर्ष २०७८/०७९ मा प्रदेश भर ४४ जनाको हत्या भएको छ ।

त्यस्तै, आर्थिक वर्ष २०७९/०८० मा प्रदेशभर ४०, आर्थिक वर्ष २०८०/०८१ मा प्रदेशभर ५१ र चालु आर्थिक वर्षको हालसम्म कर्णालीमा १७ जनाको हत्या भइसकेको छ । प्रहरीको तथ्यांक अनुसार आर्थिक वर्ष २०७८/०८९ मा सुर्खेतमा १०, दैलेखमा पाँच, जाजरकोटमा पाँच, सल्यानमा १०, रुकुम पश्चिम चार, जुम्लामा चार, हुम्लामा एक, मुगुमा दुई, कालिकोटमा तीन गरी ४४ जनाको हत्या भएको छ ।

आर्थिक वर्ष २०७९/०८० मा सुर्खेतमा १०, दैलेखमा दुई, जाजरकोटमा तीन, सल्यानमा १०, रुकुम पश्चिममा पाँच, जुम्लामा तीन, हुम्लामा दुई, मुगुमा १, डोल्पामा एक, कालिकोटमा सात गरी ५० जनाको हत्या भएको प्रहरी तथ्यांक छ । यस्तै, आर्थिक वर्ष २०८०/०८१ मा सुर्खेतमा चार, दैलेखमा सात, जाजरकोटमा चार, सल्यानमा १३, रुकुम पश्चिममा सात, जुम्लामा पाँच, हुम्लामा एक, मगुमा दुई, डोल्पामा एक, कालिकोटमा सात गरी ५१ जनाको हत्या भएको छ । चालु आर्थिक वषको हालसम्म सुर्खेतमा चार, दैलेखमा दुई, जाजरकोटमा एक, सल्यानमा एक, रुकुम पश्चिममा पाँच, मुगुमा एक गरी १४ जनाको हत्या भइसकेको छ । पछिल्लो समय कर्णालीमा मात्रै नभई देशैभर सामान्य विवादमा पनि मानिसहरू हिंस्रक प्रवृत्तिमा उत्रिहाल्ने क्रम बढ्न थालेको कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतले जनाएको छ ।

मानिसहरू सानोसानो कुरामा पनि आइपर्ने परिस्थितीको आँकलन गर्न नसक्दा आवेगमा आएर गरिने क्रियाकलापले समाज अराजकतातर्फ धकिलिदै गएको प्रति बेलैमा सचेत रहनुपर्ने सरोकारवाला बताउँछन् । बढ्दो वेरोजगारी, एकात्मक परिवार, आर्थिक, सामाजिक, राजनीतिक तथा शिक्षा, अनैतिक सम्बन्ध आदि जस्ता धेरै कारणले पनि यस्ता घटनामा बृद्धि हुँदै जान थालेको प्रहरीको तथ्यांकले देखाउँछ ।

## किन....

हुन सहयोग पुऱ्याउने रावतले बताए । त्यस्तै, बालबालिकामा अपराधिक व्यवहार विकासमा मनोवैज्ञानिक कारणहरू पनि जोडिने उनको तर्क छ । मनोविद् रावत भन्छन्, 'मानसिक स्वास्थ्य समस्याहरू (जस्तैः मनोरोग, साइकोप्याथी प्रवृत्ति, सिजोफ्रेनिया आदि), आक्रोश व्यवस्थापन गर्न नसक्नु, सहानुभूति वा नैतिकताको कमीले बालबालिकामा हिन्सात्मक व्यवहार विकास हुन्छ ।'

यसमा सामाजिक र सांस्कृतिक प्रभावहरू पनि जोडिने रावतले बताए । हिंसात्मक फिल्म, भिडियो गेम, सामाजिक सञ्जालबाट प्रभावित हुनु, साथीभाइबाट गलत प्रवृत्तिको विकास हुनु, हिंसालाई स्वीकार गर्ने प्रवृत्तिले पनि समाज अराजकतामा गइरेहेको बताउँछन् उनी । शिक्षा र मार्गदर्शनको कमी, नैतिक शिक्षा वा सही मार्गदर्शन नपाउनु, विद्यालय वा परिवारको साथ र सहयोगको अभावले पनि बालबालिकामा हिंसाको प्रवृत्ति विकास हुने उनले बताए । लागू औषधको दुरुपयोगले आत्मसंयम गुमाउनु, मदिरा वा लागुऔषधको असरले हिंसात्मक प्रवृत्ति बढाउनु, कानूनी सजायको डर नहुनु वा थाहा नपाउनुले पनि यसले प्रसय पाइरहेको उनी बताउछन् ।

त्यस्तै, जैविक तथा आनुवंशिक कारणहरुले पनि हिन्सात्मक प्रवृत्तिको विकास हुने रावतको तर्क छ । दिमागको न्यूरोलोजिकल गडबडी (जस्तैः एमिग्डाला वा प्रीफ्रन्टल कोर्टेक्समा असामान्यता) आनुवंशिक रूपले आक्रामक प्रवृत्तिको विकास हुने रावतले बताए । परिवारभित्र स्वस्थ वातावरण सिर्जना गर्नु, बालबालिकालाई सहानुभूति, नैतिकता, र आत्मसंयम बन्न सिकाउने, मानसिक स्वास्थ्य सेवा उपलब्ध गराउने, हिंसात्मक मिडिया सामग्रीको प्रभाव न्यून गर्ने, सामाजिक र कानूनी सचेतना फैलाउन सके यसको प्रभाव कम गर्न सकिने मनोविद् रावत बताउछन् । बालबालिकाले हिंसात्मक वा अनौठो व्यवहार देखाएको अवस्थामा समयमै पहिचान गरी उचित परामर्श वा सहयोग प्रदान गर्न सके बालबालिकालाई हिंसात्मक प्रभावबाट जोगाउन सकिने उनले बताए ।

### उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनाय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री गोमा रावत धनी रहेको, दर्ता नम्बर ७५२४/०७७/०७८ बाट वी.न.नपा-१४, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री गोमा कृषि तथा पशुपंक्षी फर्म नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीकालागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

### उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनाय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री ज्ञान बहादुर बि.क धनी रहेको, दर्ता नम्बर १९२७ बाट छिन्चु गा.वी.स, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री गंगा सुकुटी सेन्टर नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीकालागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

कर्णाली उत्सव
.. कुडा कर्नालीका | छैटौं संस्करण २०८१
सिटी हलको आँगन, वीरेन्द्रनगर सुर्खेत
दोस्रो दिन
२०८१ फागुन ६ गते मंगलबार
bit.ly/kudakarnalika6
आयोजक
ऋति फाउण्डेसन
LIVE
सेतोपाटी

विद्वत् प्रवचन
बिहान १२:०० बजे
कर्णालीको बोली
प्रा.डा. जीवेन्द्र देव गिरी

स्याउको सह
समय: दिउँसो १२:३० बजे | सहजकर्ता: आकाश श्रेष्ठ (अध्येता)
वक्ताहरु
मा. टेकराज पछाई (सदस्य, कर्णाली प्रदेश सभा)
धनबहादुर कठायत (कृषि प्रसार अधिकृत, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश सरकार)
प्रवल शाही (व्यवसायी)
नारायणी चौलागाई (महिला उद्यमी)

पैकेलो
दिउँसो १:३० बजे
प्रवाश कुमार शाक्य (रक्तदान अभियन्ता)

आशलाग्दो अर्थतन्त्र
समय: दिउँसो २:०० बजे | सहजकर्ता: योगेश ढकाल (पत्रकार)
वक्ताहरु
TBD (TBD)
विदुषी राणा (कार्यकारी निर्देशक, गोल्ड स्टार)
लक्ष्मण कंडेल (अध्यक्ष, सुर्खेत उद्योग वाणिज्य संघ)

छोरीको छहारी
समय: दिउँसो ३:०० बजे | सहजकर्ता: नवराज महतरा (पत्रकार)
वक्ताहरु
मा. घनश्याम भण्डारी (मन्त्री, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश सरकार)
मञ्जु पाण्डे (उपाध्यक्ष, महाबु गाउँपालिका, दैलेख)
डा. नवराज केसी (बालरोग विशेषज्ञ/लेखक)

टेको संघीयताको
समय: दिउँसो ४:०० बजे | सहजकर्ता: मोहन शाही (अध्येता)
वक्ताहरु
हस्त पुन (प्रमुख, गुर्भाकोट नगरपालिका, सुर्खेत)
इश्वरी कुमारी शर्मा (उपप्रमुख, चौरजाहरी नगरपालिका, रुकुम पश्चिम)
दीपेन्द्र वली (अध्यक्ष, गुराँस गाउँपालिका ८, दैलेख)

कर्णालीमा मधेश
समय: दिउँसो ५:०० बजे | सहजकर्ता: इ. हरिनारायण यादव (उपप्राध्यापक)
वक्ताहरु
डा. वीनयकुमार दास (सहप्राध्यापक, मध्यपश्चिम विश्वविद्यालय)
श्रवण कुमार शर्मा (प्रधानाध्यापक, श्री नेपाल राष्ट्रिय प्रावि स्याउले, बराहताल, सुर्खेत)
अर्जुन ठाकुर (अध्यक्ष, नेपाल नाई संघ, सुर्खेत)

कर्णाली कन्सर्ट: साँस्कृतिक साँझ
समय: साँझ ६:०० बजे | सहजकर्ता: उत्तम शर्मा
लोकदोहोरी प्रतिष्ठान, सुर्खेत

### विज्ञापन दर/रेट सम्बन्धी सूचना

**युगआह्वान राष्ट्रिय दैनिकमा आ.व. २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८१ साउन १ तदनुसार 16 July 2024 देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।**

**विज्ञापन दर/रेट**

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रु. २०००/- | रु. १८००/- |
| भित्री पृष्ठ | रु. १५००/- | रु. १२००/- |
| अन्तिम पृष्ठ | रु. १७००/- | रु. १५००/- |


**वर्गीकृत**

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु. ३५००/- | रु. १५००/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रु. ७०/- |

**ज्याकेट १ पेज रू. ८,००,०००/-**

नोट: उल्लेखित दर/रेट मू.अ.कर बाहेक

युगआह्वान
www.yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...
फोन नं.: ९८५८०५२८१०/९८५८०५५६२७/९८५८०५५६२८
इमेल: yugaawhandainik@gmail.com, yugaawhan@gmail.com

घर निर्माण कार्यको लागि सम्झनुहोस्
हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।

प्रो. शिवराज शाही
शिवराज सप्लायर्स
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर
हाम्रा विशेषताहरु
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।
इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

सामेल एग्रिकल्चर प्रा.लि.
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत
SAMEL AGRICULTURE PVT.LTD. SURKHET 2075
हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।

budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।